# अमेरिकी श्रम विभाग

# सन् २०२३ का निकृष्ट बाल श्रम सम्बन्धी निष्कर्षहरू

## नेपाल

निकृष्ट बाल श्रम उन्मूलन गर्ने कार्यमा सन् २०२३ मा नेपालले मध्यम स्तरीय प्रगति हासिल गरेको छ। सरकारले बाल श्रम उन्मूलन कोष र सचेतना कार्यक्रममा योगदान दिएर बालश्रम उन्मूलन गर्ने गतिविधिहरूका लागि लगभग ३५,३८० डलर विनियोजन गरेको छ। सरकारले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयन गर्न सहकार्यको  सम्झौतालाई पनि अन्तिम स्वरूप दिएको छ; जसले नेपालमा बालबालिका र युवाको शिक्षा अभिवृद्धि गर्न ५ वर्षभित्र ७.२ अर्ब डलर उपलब्ध गराउनेछ। साथै, सरकारी हटलाइन बाट प्राप्त गुनासोहरुको जवाफ दिँदै ५६० बालबालिकालाई बाल श्रमबाट उद्धार गरेको छ। यद्यपि, नेपालको कानुनले बाल बेचबिखन निषेधको लागि अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्दैन किनभने यसले बल, जालसाजी वा जबरजस्तीको अभावमा भर्ती, आश्रय, प्राप्त गर्ने वा वसारपसारलाई स्पष्टरूपमा अपराधीकरण गर्दैन। बालबालिकालाई अवैध गतिविधिमा प्रयोग गर्न निषेध गर्ने कानून पनि अपर्याप्त छ किनभने यसले लागूऔषधि उत्पादनमा बालबालिकाको प्रयोगलाई निषेध गर्दैन। यसको अलावा,  श्रम मन्त्रालय, रोजगार तथा सामाजिक सुरक्षा क्षेत्रमा बाल श्रम सम्बन्धी कानुनलाई पर्याप्त रूपमा लागू गर्न आवस्यक श्रोतसाधन  र श्रम निरीक्षकको अभाव छ।

तल सुझाव गरिएका सरकारी कार्यहरूले बाल श्रमको सबैभन्दा खराब रूप उन्मूलन गर्नका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको नेपालले गरेको कार्यान्वयनमा अमेरिकी श्रम विभागले (USDOL) पहिचान गरेको कमीहरू बन्द गर्नेछ।

| क्षेत्र | सुझाब गरिएका कदमहरु |
|---|---|
| कानूनी प्रावधान | जोखिमपूर्ण काममा प्रवेशका लागि न्यूनतम उमेर १८ वर्ष पुऱ्याउने । |
| | बालबालिकालाई काम गर्न निषेध गरिएका जोखिमपूर्ण  कामहरूको सूची फराकिलो बनाउँदै त्यसमा बाल श्रम प्रयोग हुने गरेका,  इँटाभट्टा र गिटिकुटने लगायतका विभिन्न निश्चित क्षेत्रहरू पनि सुनिश्चित गर्ने । |
| | जबरजस्ती, जालसाझी र फकाइफुल्याई  कुनै पनि प्रमाण देखाउनु पर्ने आवश्यक्ता नरहने गरि कानूनी दायरामा बालबालिकाको तस्करीलाई समष्टिगत रुपमा निषेध गर्दै यस्ता कार्यहरूलाई अपराधको रुपमा घोषणा गर्ने । |
| | लागू औषध उत्पादनलगायतका अवैध क्रियाकलापमा बालबालिकाको प्रयोगलाई कानूनी रुपमै निषेधित गर्ने । |
| | गैर-राज्यपक्षका सशस्त्र समूहद्वारा १८ वर्ष मुनिका बालबालिकालाई भर्ना गर्ने कार्यलाई कानूनी सजायको ब्यबस्था   गर्ने । |

| क्षेत्र | सुझाब गरिएका कदमहरु |
|---|---|
| कानूनको कार्यान्वयन | मानव बेचबिखनका मुद्दाहरू मध्यस्थताको माध्यमबाट समाधान गर्नुको सट्टा निरन्तर रूपमा दर्ता र अभियोजन हुने सुनिश्चित गर्दै बाल बेचबिखनका मुद्दाहरूको अनुसन्धान र जवाफ दिन पीडित-केन्द्रित दृष्टिकोणहरूमा फौजदारी कानुन प्रवर्तन अधिकारीहरूको प्रशिक्षण बढाउने। |
| | लगभग ८७ लाख मानिसहरूको श्रम शक्तिको पर्याप्त निगरानी गर्न श्रम मन्त्रालयको बजेट बढाउनुको साथै श्रम निरीक्षकहरूको संख्या ११ बाट २१८ मा बढाउने । |
| | अनौपचारिक क्षेत्र र १० भन्दा कम कामदार काम गर्ने साना कारखाना लगायत सबै क्षेत्रहरूमा अघोषित निरीक्षण सहित उजुरीमा आधारित र नियमित लक्षित निरीक्षणहरू मार्फत बाल श्रम प्रवर्तन विस्तार गर्ने । |
| | निकृष्ट बाल श्रम लगायतका विषयमा कार्यरत श्रम निरीक्षकहरूलाई लक्षित गर्दै बाल श्रम सम्बन्धी कानूनी प्रशिक्षण संस्थागत गर्ने । |
| | आपराधिक अनुसन्धानकर्ताहरूको लागि प्रशिक्षण र सञ्चालनमा रहेका अनुसन्धानका संख्या, जारी र सम्पन्न अभियोजनहरू, र बाल श्रम अपराधविरुद्ध जारी दण्डहरूलाई समावेश गर्ने गरि फौजदारी कानून प्रवर्तन कार्यहरूको तथ्य विवरण प्रकाशित गर्ने । |
| | बाल श्रम सम्बन्धी श्रम अदालतको आँकडा सहित गतिविधिको प्रकार र लिङ्ग अनुसार विभाजित बाल श्रमका केसहरूको सूचीकरण र निगरानी गर्न केन्द्रीकृत डाटाबेस सिर्जना गर्दै त्यसको प्रयोग गर्ने। |
| | सबैभन्दा खराब प्रकारको बाल श्रमको अनुसन्धान, अभियोजन, र उपयुक्त भएमा दोषीलाई सजाय र सजाय दिने प्रयासहरू बढाउने। |
| समन्वय | बाल श्रम रोकथाम र पेशागत सुरक्षा शाखाले यसको अभिप्रेत कार्यदिशहरू पूरा गर्न सक्षम छ भनी सुनिश्चित गर्ने। |
| | नयाँ संघीय प्रणाली अन्तर्गत बाल श्रमलाई जवाफ दिन सेवाहरूको कार्यान्वयन र जिम्मेवारी प्रत्यायोजन गर्न नीतिगत रूपरेखाको विकास गर्ने। |
| | राष्ट्रिय बाल श्रम हेल्पलाइनमा फोन गरी उद्धार गरिएकाहरु का लागि समयमै सहयोग पुर्‍याउने र हस्तक्षेपहरू गर्ने। |
| | विद्यालयहरूमा सरसफाइ सुविधाको उपलब्धता बढाएर, विद्यालयहरूमा लामो दूरी बाट आउनुपर्ने समस्याको सम्बोधन, भर्ना र अपाङ्गता भएका बालबालिकाका आवश्यकताहरू पूरा गर्न सेवाहरू उपलब्ध गराएर, शरणार्थी बालबालिकाका लागि कागजात उपलब्धता बढाएर, र विद्यालय शिक्षासँग सम्बन्धित शुल्कहरू मिन्हा गरेर शिक्षामा रहेका अवरोधहरू हटाउने। |
| | मुक्त हरुवा-चरुवा बन्धक मजदुरहरूको लागि समयमै पुनर्स्थापना, हर्जाना र पीडित सेवाहरू, उचित रिहाई प्रमाणीकरण र परिचयपत्र  समयमै उपलब्ध गराउने। |
| | बाल श्रमबाट पीडितका लागि पुनर्स्थापना सेवा लगायत बालबालिकाका लागि सामाजिक कार्यक्रमहरूको बजेट बढाउने। |